# नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय

प्रेस विज्ञप्ति – २८ डिसेम्बर २००५

## उच्चायुक्तको कार्यालयलाई नेकपा (माओवादी)बाट आश्वासन प्राप्त

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयलाई नेकपा (माओवादी)को नेतृत्वबाट नगरपालिका चुनाव बिथोल्ने घोषणालाई "हाम्रा कार्यकर्ताहरूलाई चुनावमा भाग लिनेहरूलाई मार्न वा अपहरण गर्न निर्देशन दिइएको रूपमा कुनै पनि हालतमा बुझ्नु नहुने" भन्ने आश्वासन प्राप्त भएको छ ।

नेपालस्थित उच्चायुक्तका प्रतिनिधि इयान मार्टिनले युद्धमा सक्रिय भाग नलिने व्यक्तिहरूको जीवन वा शारीरिक अखण्डताप्रतिको डर-धम्की वा बन्धक बनाउने कार्य अन्तर्राष्ट्रिय मानवीय कानुनका सिद्धान्तहरू तथा अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूको गम्भीर उल्लङ्घन हुनेछ भनी माओवादी नेतृत्वलाई पत्र लेख्नु भएको थियो ।

आज मार्टिनले भन्नु भयो : "उच्चायोगले निश्चय नै नेकपा (माओवादी) तथा राज्यपक्ष दुबैले यी सिद्धान्तहरूको सम्मान गरेका छन् कि छैनन् भन्ने कुराको अनुगमन गर्ने कार्यलाई उच्च प्राथमिकता दिइरहने छ ।"